**पोखरा महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**न्यूरोड, पोखरा, कास्की ।**

## घर सटर, भित्ता, एवं व्यवसाय स्थलमा राखिएका फुटकर विज्ञापनहरुको विज्ञापन कर संकलन वारे ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आह्वानको सूचना ।

(प्रथम पटक सूचना प्रकासित मिति २०७६।०९।२८

पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पोखराले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १(ग) ले दिएको अधिकार प्रयोग गरी पोखरा क्षेत्रमा रहेका घरका सटर, भित्ता, सवारी साधन एवं व्यवसाय स्थलमा राखिएका फुटकर विज्ञापनहरुको विज्ञापन कर संकलन सम्वन्धी कार्य ठेक्का बढाबढको माध्यमबाट गर्नुपर्ने भएकोले इच्छुक योग्यफर्म वा कम्पनीले देहाय वमोजिमको मिति र समय भित्र वोलपत्र फाराम खरिद गरि फर्म दर्ताको प्रमाणित प्रतिलिपि, मुल्यअभिवृद्धि करको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आर्थिक वर्ष २०७५।०७६ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित निवेदन सहित खरिद गर्न सकिनेछ । वोलपत्र दाताले वोलपत्र पेश गर्दा आफुले कवोल गरेको रकमको ५ प्रतिशतले हुनआउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, पृथ्वीचोक शाखामा रहेको खाता नं. ३०२०३०३००७१०६ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको पोखरा महानगरपालिकाको नाममाजारी भएको बैंक जमानत (विड वण्ड) संलग्न गरि शिलवन्दी गरि वोलपत्र फाराम पेश गर्नु हुनयो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | आय ठेक्का नं. | ठेक्काको नाम | न्युनतम कवोल रकम (भ्याट वाहेक) | बेलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १ | २०७६/०७७/१९ | घर सटर, भित्ता, व्यवसाय स्थलमा राखिएका फुटकर विज्ञापनहरुको विज्ञापन कर सम्वन्धी ठेक्का । | ६४,३४,०००.०० | ५,०००.०० |

नोट : यस महानगरपालिकामा दर्ता भएका उद्यम वा ब्यवसाय स्थलमा दर्ता नम्वर उल्लेख गरि राखिएका ३ फिट चौडाइ र १० लम्वाइ आकार भएको ब्यवसाय परिचयपाटि वा लाइटबोर्डमा भने कुनै कर लाग्ने छैन । तर यस प्रकारका बोर्डमा महानगरमा दर्ता गरिएको इजाजत दर्ता नम्वर र उद्यम वा ब्यवसाय स्थलमा नराखिएका बोर्डमा कर लाग्नेछ । उपरोक्त वमोजिम भन्दा बढी कर रकम असुल गर्न पाइने छैन, यदी असुल गरेको पाईएमा कानुन बमोजिम कारवाही गरिनेछ ।

**शर्त तथा बन्देजहरु :-**

१. वोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति, समय र स्थान - दर्तावाल फर्महरुले वोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति यो प्रकाशित मितिले ३० दिनभित्र वा मिति २०७६ साल माघ २९ गते कार्यालय समयसम्म पोखरा महानगरपालिका कार्यालय, नगर कार्यपालिकाको कार्यालय न्युरोडवाट खरिद गरि सक्नुपर्नेछ ।

२ बोलपत्रफारम दाखिला गर्ने र खोल्ने मिति, समय र स्थान - बोलपत्र दर्ता अन्तिम मिति २०७६ साल फागुन ०१ गते समय दिउसो १:०० वजेसम्म र बोलपत्र खोल्ने मिति २०७६ साल फागुन ०१ गते समय दिउसो २:०० वजे र स्थान पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्युरोडमा खोलिनेछ । दर्ता भएका वोलपत्रहरु वोलपत्रदाता वा निजको रोहवरमा खेलिनेछ वोलपत्र खोल्दा वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्रखोल्न बाधा पर्ने छैन ।

नि. प्रमुख प्रशासकीय अधिकृत

३ ठेकेदार र पोखरा महानगरपालिकावीचं ठेक्का शर्त सम्वन्धमा कुनै विवाद उठेमा पोखरा महानगरपालिकाको निर्णय अन्तिम हुनेछ । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन तथा नियमावली लगाएत अन्य प्रचलित ऐन नियमका प्रावधान, संझौताका शर्त तथा बन्देज समेत पालना गर्नु पर्नेछ ।

४. ठेक्का स्वीकृत भएपछि कबुल अंकको एकमुष्टरुपमा कार्यालयमा बुझाएमा ५ प्रतिशत छुट दिइनेछ ।

५. किस्ता रकम संझौता अवधिसम्मको लागि ४ किस्तामा बुझाउनु पर्ने छ भने पहिला किस्ताको रकम संझौताको गर्दा नै दाखिला गर्नु पर्ने छ भने वांकी किस्ताको हकमा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त वित्तिय संस्थाले जारी गरेको Performance Bank Guarantee पेश गर्नुपर्नेछ ।

६. संझौतामा उल्लेखित किस्तारकम समयमानै दाखिला नगरेमा वांकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी वाँकि सरह असुल उपर गरिनेछ ।

७. ठेक्का कार्यसँग सम्वन्धित कार्य सहजीकरण गर्ने जिम्मेवारी स्वयंम बोलपत्रदाता नै जिम्मेवार हुनुपर्नेछ । र अन्य कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको वोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

८. राष्ट्रिय लोकमार्ग, सहायक लोकमार्गका दायाँ वायाँ, अन्य निषेधित स्थान, घरका छत, विद्युत पोल, प्रतिक्षालय, ट्राफिक आइल्याण्ड वाहेकका घर सटर, भित्ता, उद्यम व्यवसाय स्थलमा राखिएका होर्डिंग बोर्ड एवं पेन्टिंगयुक्त विज्ञापन सामाग्रीमा मात्र विज्ञापन कर लिनु पर्नेछ । तर, गाउँपालिका/नगरपालिका जस्ता स्थानीय सरकार, प्रदेश सरकार एवं संघ सरकारले राख्ने उपरोक्त सूचनामूलक एव विज्ञापनजन्य सामाग्रीमा भने कर लिन पाइने छैन ।

९. ठेकेदारले वन, प्राकृतिक वातावरण, भू-संरक्षण तथा वातावरणीय सन्तुलनलाई हानी नोक्सानी नहुने गरी कास्की जिल्लामा रहेको नदिनाला, तथा खोलाहरुमा प्रतिकुल असर पार्ने खालका विज्ञापन सामाग्री राख्न पाइने छैन ।

१०. ठेक्कासँग सम्वन्धीत कार्य गर्दा वालश्रम प्रयोग गर्न पाइने छैन र वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाइने छैन ।

११. यस महानगरपालिकामा दर्ता भएका उद्यम वा व्यवसाय स्थलमा दर्ता नम्वर उल्लेख गरि राखिएका ३ फिट चौडाइ र १० लाम्वाइ आकार भएको व्यवसाय परिचयपाटि वा लाइटबोर्डमा भने कुनै कर लाग्ने छैन । सो बाहेक माथि उल्लेख भएका विज्ञापनजन्य सामाग्रीमा मात्र कर संकलन गर्न पाइनेछ । उठाइने पाइने विज्ञापनका करका क्षेत्रहरु दरहरु वोलपत्र फारामसाथ उपलब्ध गराइनेछ ।

१२. वोलपत्र फाराम खरिद गर्ने र पेश गर्ने दिनहरुमा विदा परेमा सो को भोलिपल्टलाई वा लगत्तै कार्यालय खुलेको दिन र समय कायम हुनेछ ।

१३. ठेक्का स्वीकृत भएपछि संझौता नगर्ने प्रस्तावदातालाई अर्को १ आर्थिक वर्षको लागि नकरात्मक सूचीमा राखिने एवं अर्को आ.व. मा महानगरपालिकाको कुनै पनि ठेक्कामा निजको प्रस्ताव स्वीकार गरिने छैन ।

१४. बोलपत्रको हरेक पानामा बोलपत्रदाताले दस्तखत गरि, छाप लगाई, ठेक अंक उल्लेख गर्दा कबुल अंक लेख्दा अक्षर र अंक दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखेको रकमलाई मान्यता दिइनेछ ।

१५. दर्ता भएका बोलपत्रहरु फिर्ता वा शंशोधन गर्न दिइने छैन ।

१६. ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने अधिकार महानगरपालिकाको कार्यालयलाई हुनेछ । साथै शर्त सहितको ठेक्का स्वीकार गरिने छैन ।

१७. ठेक्का स्वीकृत भई संझौता भए पछि बोलपत्रदाता आफैले मूल्य अभिबृद्धि कर विल छापि महानगरपालिकाबाट प्रमाणित गराई एवं छाप लगाएर मात्र विल जारी गर्न पाइनेछ । विना भ्याट विल कर संकलन गर्न पाइने छैन ।

१८. महानगरपालिकाको कावूभन्दा वाहिरको कारणले ठेक्का संचालन हुन नसके वा अन्य कुनै कारण देखाई ठेक्का वापतको रकम मिनाहा माग वा छुट दावि गर्न पाइने छैन ।

१९. कालो सूचीमा परेको वा यस महानगरपालिकाको बक्यौता नतिरेको बोलपत्रदाताको बोलपत्र स्वीकार गर्न महानगरपालिका बाध्य हुने छैन ।

२०. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून वमोजिम हुनेछ । संघीय सरकार, प्रदेश सरकार र महानगरपालिकाले समय समयमा दिएका निर्देशनहरु पालन गर्नु पर्नेछ ।

२१. ठेक्काको समयावधि संझौता भएको मिति देखि एक वर्षसम्म रहने छ ।

२२. वोलपत्रका सम्वन्धमा थप केही वुझ्नु परेमा कार्यालयको वेवसाइट http://pokharamun.gov.np/ मा हेर्न सकिनेछ ।